**बैठक संख्या ५०**
**कार्यपालिका बैठक मिति २०७६।०१।२६**

## निर्णय नं. १

इटहरी उपमहानगरपालिकाको मेसिनरी औजार प्रयोग कार्यविधि निर्माण हुनु भन्दा पहिला नगर क्षेत्र भित्रका वडा नं. १, २,३,४,६,१०,१२,१७ वडाका सडक ग्रावेल गर्दा नगरपालिकाका मेसिनरी उपकरण सवारी साधन तथा भाडामा लिएका सवारी साधन (व्याकहु लोडर २, टिपर २, पानी टेंकी २, ट्याक्टर १ र अभिलेख राख्ने १ जना व्यक्ति गरी कुल जम्मा १४ जना) चालक र सहचालकहरुलाई २० दिन विहान देखि बेलुका सम्म काममा लगाउदा खाना तथा नास्ता वापत भएको खर्च रु. ६८,०००।- (अड्सठ्ठी हजार) भुक्तानी दिने निर्णय गरियो।

## निर्णय नं. २

इटहरी उपमहानगरपालिकाको वडा नं. ३ स्थित पुराण चोकमा रहेको इटहरी उपमहानगरपालिकाको नाममा रहेको ४ कठ्ठा जग्गा, सिंहवाहीनी चोकमा रहेको ऐलानी जग्गा र वुढीपटेरुवा भव संरक्षण गरी घेराबेरा गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

इटहरी उपमहानगरपालिका वडा नं. १७ को वडा कार्यालय भवन मर्मत सम्भारका लागि ल.ई. तयार गरी ल.ई. अनुसार मर्मत सम्भार गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र बाटोमा लाग्ने हाटबजारहरुलाई व्यवस्थित गर्न स्थानको पहिचान गर्न सम्बन्धित वडाका वडाध्यक्षलाई सरोकार वाला व्यक्तिहरुसँग छलफल गरी आगामी बैठकमा प्रतिबेदन पेश गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं. ५

पकली मा.वि.को नाममा रहेको साविक पकली ६ हाल इटहरी १६ को कि.नं. २१ को ज.वि. १-४-७ जग्गा खेल मैदानको रुपमा प्रयोग गर्न १० बर्षका लागि पकली मा.वि.लाई प्रत्येक बर्ष बार्षिक रु.६०,०००। (साठी हजार) अनुदान दिने र प्रत्येक ३ बर्षमा १५ प्रतिशतले रकम बृद्धि हुने गरी खेलमैदानको रुपमा प्रयोग गर्ने र उक्त रकम विद्यालयलाई सरसफाई तथा मर्मत सम्भारमा खर्च हुने गरी रकम उपलब्ध गराई आगामी नगरसभाबाट अनुमोदन हुने गरी निर्णय गरियो ।

## निर्णय नं. ६

इटहरी उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालय श्री सिंहदेवी आधारभुत विद्यालय इटहरी-३, श्री बुढिगंगा आधारभुत विद्यालय इटहरी ४, श्री पार्वती आधारभुत विद्यालय इटहरी , श्री जनजागृती आधारभुत विद्यालय इटहरी १७ र श्री मदन आश्रित आधारभुत विद्यालय इटहरीमा आईसिटीको प्रयोग गरी अंग्रेजी माध्यमबाट शिक्षण गर्नका लागि नेल्टा सँग सम्झौता भए बमोजिमको प्रति विद्यालय ५० हजारका दरले जम्मा २ लाख ५० हजार र प्रोजेक्टर नभएका २ वटा विद्यालयलाई प्रोजेक्टर खरिदका लागि ५० हजार गरी जम्मा रु.३,००,०००। (तीन लाख) उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ७

उप प्रमुख कार्यकक्षमा दुर अवलोकन विधिबाट विद्यालय अनुगमन गर्न डिस्प्ले बोर्ड तथा व्यवस्थापन गर्न रु.१,००,०००।- (एकलाख) उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

साविक एकम्बा गा.वि.स.को नाममा जडान रहेको टेलिफोन नं. ०२५-५८३४३७ को विगतको बक्यौता रकम रु. २१,१५७६८ (एकाईस हजार एक सय सन्ताउन्न रुपैया पैसा अड्सठ्ठी) भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

इटहरी उपमहानगरपालिका वडा नं. १० को वडा कार्यालय भवन आल्मुनियम पाटेसन गर्न ल.ई. गरी ल.ई. अनुसार पाटेसन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी अस्पताल संचालन तथा व्यवस्थापन गर्नका लागि व्यवस्थापन समितिको बैठकमा देहाय अनुसारका पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गरी आगामी कार्यपालिका बैठकमा प्रतिबेदन पेश गर्न अस्पताल व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

(क) प्रमुख प्रशासकीय अधिकृत श्री केशव प्रसाद विमली

(ख) ४ नं. वडाध्यक्ष श्री चन्द्र प्रसाद भट्टराई

(ग) ६ नं. वडाअध्यक्ष श्री दिपक गौतम

(घ) स्वास्थ्य शाखा प्रमुख श्री रामचरण चौधरी

**निर्णय नं. ११**

इटहरी उपमहानगरपालिका करारमा कर्मचारी (प्राविधिक, सवारी चालक, माली, चौकिदार, बनपाले, कुचिकार र कार्यालय सहयोगी) व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

इटहरी उपमहानगरपालिका वडा नं. २० जनसंख्याको हिसावले ठुलो जनसंख्या भएको सो वडाको सिमाना जोडिएका १,२ र १९ नं. वडा रहेको साथै रामधुनी नगरपालिका उत्तर सिमानामा रहेका वडा हरु समेतको जनताको केन्द्र विन्दु रहेको र कुनै पनि सार्वजनिक खाली जग्गा नरहेको अवस्थामा सडकमा लाग्ने हाटवजार कृषि वजार लागेको समयमा एम्वुलेन्स ,दमकल कुनै पनि सवारी साधन आवत जावत गर्न नसक्ने अवस्था रहेको र कुनै पनि प्रकोपमा परि जिउधनको ठुलो क्षति हुन सक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गरी जडीबुटी दक्षिणको खाली जग्गामा बजार व्यवस्थापन, समुदायिक स्वास्थ्य भवन तथा अन्य कार्यहरु गर्नका लागि उक्त जग्गा भोग चलन गर्ने प्रयोजनका लागि प्रदेश सरकार सँग माग गर्न देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक :- श्री मणिराम श्रेष्ठ, वडाध्यक्ष वडा नं. २०

(ख) सदस्य :- श्री बिष्णुलाल चौधरी, वडाध्यक्ष वडा नं. १

(ग) सदस्य :- श्री हर्क बहादुर मगर, वडाध्यक्ष वडा नं. २

(घ) सदस्य :- श्री श्रीनारायण चौधरी, वडाध्यक्ष वडा नं. १९

(ङ) सदस्य :- श्री महेन्द्र गिरी, इटहरी २०

(च) सदस्य :- श्री मछिन्द्र खवास, इटहरी २०

(छ) सदस्य :- श्री राज कुमार राई, इटहरी २०

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिका वडा नं. २० स्थित खानेपानी विस्तारका लागि भैपरी आउने पूँजीगत शिर्षकबाट रु.२,००,०००।- (दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

इटहरी उपमहानगरपालिका वडा नं. २० स्थित सप्तकोशी मार्ग हिमाली चोक छेउमा स्ल्याव निर्माणका लागि भैपरी आउने पूँजीगत शिर्षकबाट रु.४०,०००।- (चालिस हजार) र प्रगति टोल दक्षिण स्ल्याव निर्माण दुई वटा भैपरी आउने पूँजीगत शिर्षकबाट रु. ८०,०००।- (असि हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

राजश्व बाँडफाँडबाट प्राप्त रकम मध्ये प्रदेश सरकारलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी नगरपालिकाको तर्फबाट रु.४५,००,०००।- (पैतालीस लाख) प्रदेश सरकारलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

इटहरी उपमहानगरपालिकाको प्रशासनीक भवनको ल.ई. रु.२६,९६,४३,४३०।९० (छव्वीस करोड छयानब्बे लाख त्रिचालिस हजार चार सय तीस रुपैया नब्बे पैसा) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

इटहरी उपमहानगरपालिका वडा नं. ५ स्थित ज्योती मा.वि.को कम्पाउण्ड वाल निर्माणका लागि भैपरी आउने पूँजीगत शिर्षकबाट रु. १,००,०००।- (एकलाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

इटहरी उपमहानगरपालिका वडा नं. ७ को वडा कार्यालय भवन साँगुरो भएको हुँदा ल.ई.तयार गरी एक कोठा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

इटहरी उपमहानगरपालिकाका विभिन्न वडाहरुमा मिस गिट्टी ढुवानी गरी ग्राबेल गर्ने कार्यमा यस कार्यालयको मेसिनरी उपकरण मध्ये व्याकहु लोडर (जे.सि.वि.) मात्रको लागि खपत हुने इन्धन कार्यालयको तर्फबाट व्यहोंने निर्णय गरियो ।

**निर्णय नं. २०**

इटहरी उपमहानगरपालिका वडा समितिको कार्यालय, इटहरी २ को भवन निर्माणको कुल ल.ई. २,५१,२३,३०३।५० (दुई करोड एकाउन्न लाख तेईस हजार तीन सय तीन रुपैया पचास पैसा) स्वीकृत गरी बहुबर्षिय योजनाको रुपमा संचालन गर्ने गरी बोलपत्र आव्हानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

इटहरी उपमहानगरपालिका वडा नं. १४ मा सडक ग्रावेलको लागि ५० (पचास) ट्रिपर मिसगिट्टी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २२**

किराँत साँस्कृतिक कला केन्द्र इटहरीलाई बृहत साँस्कृतिक कार्यक्रम (उभौली) का लागि रु.१०,०००।- (दश हजार) दिने भनी मिति २०७६।०१।२२ गते (नगरप्रमुख स्तरीय) निर्णयबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

वडाको बजेट सिलिङ्ग अन्तर्गत पर्ने वडास्तरीय योजनाहरु संशोधन गर्नु पर्ने भएमा सम्बन्धित वडाको निर्णय संशोधन सहितको सिफारीसको आधारमा योजना संचालन गर्ने र नगरस्तरीय योजनाको हकमा सम्बन्धित वडाको निर्णय सहितको सिफारीसको आधारमा बजेट तर्जुमा समितिमा पठाई समितिको निर्णयानुसार गर्ने र सो को कार्यपालिकाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं. २४**

चालु आ.ब. २०७५/७६ मा स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगर सभाबाट स्वीकृत वडा तथा नगरस्तरीय योजना कार्यक्रमहरुलाई देहाय बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजना | स्वीकृत भएको योजनाको नाम | साविक स्वीकृत रकम | वडा नं. | संसोधन हुनेपर्ने योजनाहरू | संसोधित रकम |
|---|---|---|---|---|---|---|
| १. | वडास्तरीय | महेन्द्र राजमार्ग देखि दक्षिण बसपार्क जोड्ने पश्चिम श्री कृष्ण होटल ड्रेन टायल लगाउने | ३,००,०००। | ६ | स्वागत टोल अन्तर्गतको स्वागत मार्ग देखि दक्षिण टेग्रा खोला सम्म टायल लगाउने । | ३,००,०००। |
| २ | वडास्तरीय | रेडकस जाने बाटोमा ड्रेन तथा टायल लगाउने । | २,००,०००। | ६ | अनामनगर चोकमा कल्भेट निर्माण । | २,००,०००। |
| ३ | | बुद्धटोल कालोपत्रे स्तरोन्नती | ३,००,०००। | ९ | मुक्तिनाथ मार्गमा थप टायल बिच्छाउने | ३,००,०००। |
| ४ | | वातावरण सम्बन्धी कार्यक्रमको | १,००,०००। | ९ | हिमालय मार्गमा प्रोटेक्सन वाल | १,००,०००। |

## निर्णय नं. २५

इटहरी उपमहानगरपालिका वडा नं. ६ स्थित अनामनगर खेतीखोलामा पुल निर्माणका लागि रकम बिनियोजन भएको भएता पनि उक्त स्थानमा पुल निर्माण गर्न प्राविधिक समस्या भई सोही स्थानको खेतीखोला पूर्व तर्फबाट इटहरी ६ बस्ने राजेश गोयलको नाममा दर्ता रहेको जि.सुनसरी इटहरी उपमहानगरपालिका वडा नं. १/ग कि.नं. ८०५ को ज.वि. ०-८-१२ जग्गाको दक्षिण पश्चिमतर्फबाट अन्दाजी ०-०-१० धुर जग्गा बाटोलाई दिन मञ्जुर भई वडा समितिको निर्णय सिफारीस समेत भई आएकोले सोही बमोजिम उक्त स्थानबाट २० फिटे बाटो खोल्ने र बाटो खोली तटबन्ध निर्माण गर्ने निर्णय गरियो।

## निर्णय नं. २६

इटहरी उप-मंहानगरपालिकाको वंडा नं. ६ को वडा स्तरीय इन्टरलकिंग तथा डेन निर्माण कार्यको इष्टिमेटमा वडा रकम रु ३,००,०००। कन्टेनजेन्सी र मर्मत तथा संभार खर्च ३ प्रतिशतले कट्टा भएको, न.पा.ले ६०% र उ.भो.स. ले ४० % ब्यहोर्ने गरी ल.ई.रु ४,११,३८६।६६ र उ.भो.स.रु १,२०,३८६।६६ लागत सहभागिता वापत व्यहोंने गरी मिती २०७५।१०।०३ मा सम्झौता भई कार्य अगाडी बढाइएकोमा उक्त योजनाको इन्टरलकिंग तथा डेन निर्माणको क्षेत्र मध्ये पुर्व पटिको अधिकांस भु भाग नगरपालिकाको कार्यालय क्षेत्र भित्र पर्ने भै उपभोक्ताले लागतसहभागिता व्यहोंन नसक्ने भई उक्त योजनामा उपभोक्ता लागत सहभागितामा एका पटिको रकम नगरपालिकाले व्यहोंने तथा सो योजनामा अपुग रकम समेत थप गर्न ६ नं. वडा कार्यालयबाट सिफारिस भई आएकोमा कार्यपालिकाकाको बैठक संख्या ४९ निर्णय नं.१२ मा.एकमुष्ट रकम रु १,९५,०००। बजेट विनियोजन भएको, जसमध्ये रु ९५,०००। योजनामा अपुग रकम थप गरी जम्मा रकम रु ३,९५,०००। कायम गर्ने र सोही अनुसारको ल.ई. रिभाइज गरी उपभोक्ता समितीले व्यहोंने रकम रु १,५८,११२।१७ मध्ये उपभोक्ता समितीको लागत सहभागिता बापतको रकम रु १०००००। नगरपालिकाले व्यहोंने निर्णय गरियो ।

ठीक छ प्रमाणित

२०७६।२।१२